स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव (किम्फ) को २३औं संस्करण आगामी मे २७ देखि ३१ (१३ देखि १७ जेठ) सम्म ठमेलस्थित क्यूएफएक्सको छायाँ सेन्टर मा आयोजना हुने भएको छ। महोत्सवमा २९ देशका ५० भन्दा बढी चलचित्र प्रदर्शन गारिने आयोजकले जनाएको छ। नेपाल पानोरमा खण्डअन्तर्गत समकालीन नेपाली समाज र स्थानीय जीवनका कथालाई केन्द्रमा राखिएका चलचित्र प्रदर्शन गारिने भएका छन्।

आजको विचार...



राज्य... (दुई पेजमा)

गणेश अम्गाई



"लालीबजार" का निर्माण टिमसँगै बसेर फिल्म हेर्न उत्सुक थिए, धेरै दर्शक। राति अबेर फिल्मका मुख्य कलाकार स्वस्तिमा खड्का, रविन्द्रसिंह बानियाँ, निर्माता प्रदीप भ राईसहितको टोली इलाम आइपुग्यो। जसै उनीहरु हलभित्र प्रवेश गारे, सैयौं मोबाइल क्यामेरा उनीहरुतिर तेर्सिए। राति साढे ९ बजे यी कलाकर्मी फ्रेन्ड्स सिनेमामा आइपुगेका थिए। राति ११ बजेसम्म दर्शकसँगै बसे। दर्शकसँग भलाकुसारी गारे। साथमै फिल्म हेरे।

❒ वर्ष ३१ ❒ अंक २९२ ❒ २०८३ जेठ ७ गते बिहिबार 21 May 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भीषण आगलागी १७ हजार विस्थापित

(रासस/एपी)

**सिमी भ्याली,** जेठ ६/दक्षिणी क्यालिफोर्नियामा फैलिएको भीषण डढेलोका कारण १७ हजारभन्दा बढी मानिसलाई घर खाली गर्न आदेश दिइएको छ । उपनगरीय बस्तीहरूलाई प्रत्यक्ष खतरा पुगेपछि ठूलो स्तरको निकासी अभियान सञ्चालन गरिएको छ । लस एन्जलसबाट करिब ३० माइल (४८ किलोमिटर) उत्तर-पश्चिममा रहेको सिमी भ्याली वरिपरिका पहाडी क्षेत्रमा सोमबारदेखि हावाले तीव्र बनाएको स्यान्डी फायर फैलिएको हो । सुक्खा झाडी क्षेत्रमा सुरु भएको आगलागी बिस्तारै बस्ती नजिक पुगेपछि स्थानीय प्रशासनले आपतकालीन कदम चालेको हो । भेन्टुरा काउन्टी अग्नि विभागका अनुसार मंगलबार बिहानसम्म आगलागीले दुई वर्गमाइल (करिब पाँच वर्गकिलोमिटर) भन्दा बढी क्षेत्रफल जलेको छ भने कम्तीमा एउटा घर पूर्ण रूपमा नष्ट भएको छ । प्रारम्भिक चरणमा आगलागी ३० माइल प्रतिघण्टा (४८ किलोमिटर प्रतिघण्टा) को गतिमा फैलिएको थियो । तर रातभर हावाको गति केही कम भएपछि नियन्त्रण प्रयासमा राहत मिलेको अग्नि विभागका प्रवक्ता एन्ड्र्यु डाउडले जानकारी दिए ।

## प्रतिनिधि सभा बैंठक

# श्रम संस्कृतिको प्रदर्शन जारी, निर्वाचनसम्बन्धी दुई विधेयक प्रस्तुत

हामा संवाददाता

**पाल्पा,** जेठ ६/संघीय संसद्अन्तर्गत बुधबार शुरू भएको प्रतिनिधि सभाको बैठकमा श्रम संस्कृति पार्टीले आफ्नो विरोध प्रदर्शनलाई निरन्तरता दिएको छ । पार्टीका सांसदहरूले संसद् भवनभित्रै विभिन्न मागसहितका पर्चा ( प्लेकार्ड) बोकेर विरोध जनाएका हुन् ।

बुधबारको प्रतिनिधिसभा बैठकको कारबाही सुरु हुनासाथ श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङसहित सो पार्टीका सबै सांसदहरू आ-आफ्नो स्थानबाट उठेर रोष्टम घेराउ र विरोधमा उत्रिएका थिए । संसद्को नियमित कार्यसूची अघि बढाउन लाग्दा उनीहरूले आकस्मिक रूपमा सदन अवरुद्ध गर्दै नाराबाजी र प्रदर्शन




गरेका हुन् । अध्यक्ष साम्पाङको नेतृत्वमा रहेका सांसदहरूले उठाएका माग र असन्तुष्टिका कारण संसद्को वातावरण केही समय तनावग्रस्त बनेको थियो । सभामुखले पटक-पटक बस्न र सदनको कामकारबाही अघि बढाउन आग्रह गर्दा पनि श्रम संस्कृति पार्टीका जनप्रतिनिधिहरूले आफ्नो अडान कायम राख्दै विरोध जारी राखे । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले प्रधानमन्त्री बालेन्द्र शाह संसद्रुप्रति जिम्मेवार र उत्तरदायी नहुन्जेलसम्म संसद्रुमा आफ्नो पार्टीको विरोध जारी रहने बताएका छन् । संसद् भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै सरकारको गृहमन्त्रीसमेत प्रधानमन्त्री स्वयं भएको उल्लेख गर्दै मन्त्रालयसँग सम्बन्धित प्रश्नहरुको जवाफ दिनुपर्नेमा उनले जोड दिए । गृह मन्त्रालयमाथि सुकुमवासी बस्ती खाली गराए लगायतका विषयमा प्रश्न उठेको भन्दै त्यसको जवाफ संसद्रुमा दिनुपर्ने उनले बताए । 'हामी विरोध गरिरहन्छौं, पाँचैं वर्ष गर्छौं । यदि सरकारको आलोचना गर्दैमा र संसद्प्रति उत्तरदायी बनाउने कुरा आएकै आधारमा निलम्बन गरिन्छ भने पनि हामी रेडी छौं,' उनले भने ।

**निर्वाचनसम्बन्धी दुई विधेयक प्रस्तुत**

बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले गत निर्वाचनका लागि जारी भएका अध्यादेशलाई प्रतिस्थापन गर्ने बनेका दुई विधेयक प्रस्तुत गरेकी छन् ।

-बाँकी अन्तिम पेजमा...

## कक्षा ११ को पढाई असार १ देखि



**पाल्पा,** जेठ ६/ कक्षा ११ को पठनपाठन असार १ गतेदेखि सुरु हुने भएको छ । शिक्षा तथा खेलकुद मन्त्रालयले आगामी असार १ गतेबाट कक्षा ११ को पठनपाठन गर्न/गराउन निर्देशन दिएको छ ।

मन्त्रालयले शैक्षिकसत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा ( एसइई) को नतिजा प्रकाशन भइसकेको सन्दर्भमा कक्षा ११ को पठनपाठन सञ्चालनका लागि समय निर्धारण गरेको हो । मन्त्रालयको सो निर्णयबारे शिक्षा, तथा मानवस्रोत विकास केन्द्रले शिक्षा विकास तथा समन्वय एकाइहरूलाई पत्राचार गरी जानकारी गराएको छ । बुधबार सूचना जारी गर्दै देशभरका शिक्षा विकास तथा समन्वय एकाइहरूलाई यससम्बन्धी आवश्यक पत्राचार र समन्वय गर्न भनिएको छ ।

## झाडी फाडेर व्यावसायिक अकबरे खुर्सानीखेती

**वालिङ (स्याङ्जा),** जेठ ६/यहाँका दुई युवाले बाँझो रहेको जमिनको सदुपयोग गर्दै व्यावसायिक रूपमा अकबरे खुर्सानीखेती सुरु गरेका छन् । स्याङ्जाको भिरकोट नगरपालिका-९ सिर्कोट पिपलडाँडामा झन्डै ३० रोपनी क्षेत्रफलमा व्यावसायिक खुर्सानीखेती थालिएको हो ।

एकपटक लगाएपछि केही वर्षसम्म उत्पादन तथा आम्दानी लिन पाइने, बजार मूल्य राम्रो रहेको र बजारीकरणमा समस्या नभएकाले अकबरे खुर्सानीखेतीमा युवको आकर्षण बढेको हो । तीन-चार वर्षअघिदेखि थोरै मात्रामा खुर्सानीखेती गर्दै आएकामा उत्पादन राम्रो भएपछि व्यावसायिक रूपमा अगाडि बढेको किसान तनबहादुर गुरुङले बताए । वैदेशिक रोजगारीमा



आठ वर्ष बिताएका गुरुङले आफ्नै गाउँ-ठाउँमा केही गर्नुपर्छ भन्ने लागेर स्वदेश फर्किएसँगै खुर्सानीखेती थालेका हुन । "विदेशमा बगाउने पसिना आफ्नै माटोमा बगाउन सकियो भने राम्रो हुने ठानेर स्वदेशमै खुर्सानीखेती गर्ने निधो गरें", उनले भने, "जङ्गलैजङ्गल, बाँझो अनि पातीको झाडी फाडेर खुर्सानी लगाएका छौं ।"

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## विषादीको जोखिम

नेपालमा विषादी आयात र प्रयोगको अवस्था निकै चिन्ताजनक छ । नेपालका तरकारीखेती हुने विशेष पकेट क्षेत्रहरुमा ९९ प्रतिशत किसानले विषादी प्रयोग गर्ने गरेका छन् । अझ विडम्बना त के छ भने करिब ६0 प्रतिशत किसानलाई आफूले प्रयोग गर्ने विषादीको प्रकार वा असरबारे पर्याप्त ज्ञान नै छैन । यसले किसान स्वयम्लाई मात्र होइन उपभोक्तालाई पनि गम्भीर स्वास्थ्य जोखिममा पारिरहेको छ । विषादीजस्तो गम्भीर विद्यमान बेथितिका विषयमा न सदनमा पर्याप्त बहस भएको सुनिन्छ न त नागरिक समाजमा । बेलाबेलामा नमुना सङ्कलनका क्रममा खानयोग्य मात्राभन्दा बढी विषादीको मात्रा भएको परीक्षणको नतिजा बाहिर आाउने गर्दछ । केही मिडियाहरुमा यो मुद्दा समाचार पनि बन्दछ तर यसले हाम्रो संयन्त्रलाई कुनै असर गर्दैन । आम उपभोक्ता पनि केही दिन झस्किन्छन्, विकल्प नहुँदा मौनताका साथ विष सेवन गर्न बाध्य हुन्छन् । जीवन निर्वाहका लागि हामीले दैनिक विभिन्न खाद्य पदार्थ सेवन गर्नैपर्ने हुन्छ । त्यसमाथि स्वस्थ र दीर्घ जीवनका लागि नियमित फलफूल, तरकारीलगायत विभिन्न पोषणयुक्त खाना नियमित सेवन गर्न जरुरी हुन्छ । तर दिनहुँ विषादी भएका फलफुल र तरकारी खानु पर्ने अवस्था छ ।

पछिल्लो समय मानिसहरुले उत्पादन बढाउने नाममा तरकारी तथा फलफूलमा जथाभावी विषादी हाल्ने गरेका छन् । जसका कारण मानव स्वास्थ्यमा गम्भीर असर परिरहेको छ । विषादीको मात्रा घटाउन भने सरकारी तहबाट खासै पहल भएको पाइँदैन । थोरै जग्गामा धेरै फलाउने र अधिकतम लाभ लिने अभिप्रायले किसानहरूले विषादीको जथाभावी प्रयोग गरिरहेकै छन् । धेरै किसान खेतीबालीमा लाग्ने रोगकीरा हटाउन कृषि प्राविधिकको होइन, बीउबिजन र कीटनाशक औषधि बेच्ने स्थानीय पसलेको भर पर्छन् । विषादीको मात्रा तथा मापदण्डबारे मात्र होइन, त्यसको नाम–कामबारे पनि राम्ररी जानकारी नभएका किसानहरूले छर्कने क्रममा सुरक्षा सावधानी पनि अपनाउँदैनन् । कतिले त नाकमुखसमेत नढाकी विषादी छर्किन्छन्, हातमा पञ्जासम्म लगाउँदैनन् । यही कारण कति किसान क्यान्सरजस्ता नसर्ने तर घातक रोगबाट पीडित बन्न पुगेका छन् । विषादीको असर जनस्वास्थ्यमा मात्र होइन वातावरणमा पनि पर्ने गरेको छ । माटोको उर्वराशक्ति घट्ने, पानी र वायु प्रदूषित हुने, लाभदायी जीव नष्ट हुनेजस्ता असरले दीर्घकालीन सङ्कट निम्त्याउने सम्भावना उच्च छ । विषादीको जोखिमबाट बच्नका लागि जैविक तथा प्राङ्गारिक विषादीको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ । उपभोक्ताले सचेत भएर विषादीरहित उत्पादन मात्र खरिद गर्ने बानी बसाल्ने हो भने पनि किसानलाई विषादी प्रयोग न्यूनीकरण गर्न प्रेरणा मिल्न सक्छ ।

### Opinion @ Social Network

सुखमा पुगेपछि सबैभन्दा पहिलो निम्तो
उसलाई दिनु जो दुखमा पर्दा बिना निम्तो आएको थियो ।
*(अशोक सोमैको फेसबुक स्टाटसबाट www.facebook.com/Ashok.Somai)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राज्य सञ्चालनमा अनुभव र विचारको सन्तुलन



गणेश अम्गाई

यसपटक पनि वैशाख ११ आयो-गयो । अघिल्ला वर्ष जस्तो यस वर्ष यो दिनको खास चर्चा भएन । नेपालको लोकतान्त्रिक इतिहासमा वैशाख ११ एउटा महत्त्वपूर्ण मोड हो, जसले जनताको शक्तिलाई स्थापित गर्‍यो । यसै लोकतान्त्रिक खुलापनको जगमा आज राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्ता नयाँ शक्तिहरू उदाएका छन् । रास्वपामा युवा नेतृत्वको जोस र जाँगर प्रशंसनीय छ, तर राज्य सञ्चालन एउटा यस्तो जटिल प्रक्रिया हो जहाँ केवल जोसले मात्र पुग्दैन, अनुभवको ठूलो महत्व हुन्छ । परराष्ट्र नीति, अर्थतन्त्र, सुरक्षा र न्याय जस्ता संवेदनशील क्षेत्रमा “ट्रायल एण्ड एरर” गर्ने छुट कसैलाई हुँदैन । यहाँ हुने एउटै सानो गल्तीले सरकार मात्र नभई सिङ्गो राज्य नै सङ्कटमा पर्न सक्छ । त्यसैले, भावनामा बगेर भन्दा पनि परिपक्व रणनीति र विज्ञताको आधारमा अगाडि बढ्नुपर्ने बेला आएको छ । युवा नेतृत्व निर्वाचन मार्फत संसद् र सरकारमा पुग्नु परिवर्तनको संकेत हो । तर, राज्य संयन्त्रका आफ्नै जटिलता र ‘ब्युरोक्रेटिक’ संरचनाहरू हुन्छन् । ती संरचनालाई बुझेका र दशकौंसम्म राज्यको सेवा गरेका अनुभवी व्यक्तिहरूको साथ विना सोचेको परिणाम प्राप्त गर्न कठिन हुन्छ । त्यसैले, पार्टीले आफूलाई केवल एक राजनीतिक दलका रूपमा मात्र नभई, एक जिम्मेवार शक्तिका रूपमा स्थापित गर्न आफ्नो कार्यशैलीमा व्यापक सुधार र विज्ञहरूको संलग्नतालाई अनिवार्य बनाउनुपर्छ। डिजिटल युगको कुरा गरिरहँदा नागरिक र सरकार बीचको दूरी मेटाउन प्रविधिको उच्चतम प्रयोग गर्दै सुशासनको नयाँ नमूना पेश गर्न ढिला भइसकेको छ। अहिलेको भू-राजनीतिक अस्थिरता र आर्थिक शिथिलताका बीच साना देखिने निर्णयले पनि ठूलो प्रभाव पारिरहेका छन्। चाहे त्यो भन्सार नीति होस् वा विद्यार्थी संगठनको व्यवस्थापन, हरेक कदम चाल्नुअघि त्यसको दीर्घकालीन असर र जनमानसको मनोविज्ञानलाई बुझ्न जरूरी छ । लोकप्रियतावादको पछि लागेर भन्दा पनि यथार्थपरक धरातलमा उभिएर काम गर्नुपर्छ। नतिजामुखी काम गरेर देखाउने समयमा हतारमा गरिने निर्णयले दुर्घटना निम्त्याउन सक्ने हुनाले, गहिरो अध्ययन र अनुसन्धानका आधारमा नीतिगत सुधारमा लाग्नु नै पार्टी र देश दुवैको हितमा हुनेछ ।

**सरकार र पार्टी चलाउन सल्लाहकार समिति**

सरकार र पार्टी सञ्चालन दुई भिन्न पाटा हुन् । सरकार चलाउन प्रशासनिक, सुरक्षा र कूटनीतिक अनुभव चाहिन्छ भने पार्टी चलाउन विचार, दर्शन र रणनीति। त्यसैले, रास्वपाले तत्काल दुईवटा उच्चस्तरीय सल्लाहकार समिति गठन गर्नुपर्छ। सरकार सञ्चालनका लागि पूर्व प्रधानन्यायाधीश, पूर्व मुख्य सचिव, नेपाली सेनाका पूर्व प्रधानसेनापति, पूर्व प्रहरी प्रमुख, अनुभवी कूटनीतिज्ञ र वरिष्ठ अर्थशास्त्रीहरू सम्मिलित एउटा संयन्त्र बनाउनुपर्छ। यो समितिले मन्त्रीहरूलाई नीतिगत निर्णय लिनुअघि त्यसको कानूनी, सुरक्षात्मक र अन्तर्राष्ट्रिय असरबारे सुझाव दिनेछ, जसले गर्दा सरकारले कुनै पनि अपरिपक्व निर्णय नगरोस् । यस्तो समितिले राज्य सञ्चालनमा संवैधानिक सर्वोच्चता, विधिको शासन र शक्तिपृथकीकरण जस्ता लोकतान्त्रिक मूल्यहरूलाई जीवन्त राख्न मद्दत पुर्‍याउँछ । अर्कोतर्फ, पार्टी सञ्चालनका लागि विषयगत विज्ञहरू, राजनीतिक दार्शनिक, रणनीतिक चिन्तक र विश्वविद्यालयका प्राज्ञिक व्यक्तित्वहरू सम्मिलित एउटा ‘थिङ्क ट्याङ्क’ आवश्यक छ। यो समितिले पार्टीको विचारधारालाई स्पष्ट पार्ने, नीतिहरू तय गर्ने र समाजका जल्दाबल्दा मुद्दाहरूमा गहन मन्थन गर्ने काम गर्नुपर्छ । पार्टीभित्र केवल निर्वाचन जितेका व्यक्तिहरूको मात्र दबदबा हुनुहुँदैनह बौद्धिक वर्गलाई उचित स्थान र सम्मान दिंदा मात्र पार्टीको गरिमा बढ्छ । अनुभवी र विज्ञहरूको यो संयोजनले युवा नेतृत्वलाई मार्गनिर्देशन गर्नेछ र राज्य संयन्त्रमा उनीहरूको पकड बलियो बनाउनेछ । पार्टी सञ्चालन गर्दा बहुलवाद, समावेशिता र अल्पसंख्यकको अधिकारलाई केन्द्रमा राखी सहमति र सहकार्यको संस्कृति विकास गर्नु आजको आवश्यकता हो । यहाँ धेरैजसो नेता-कार्यकर्ता अन्य दलबाट आएका वा नयाँ सोच भएका छन् । यस्तो अवस्थामा “हामी अरू भन्दा फरक छौं” भन्ने कुरा शब्दले भन्दा पनि निर्णय र नतिजाले प्रमाणित गर्नुपर्छ। अनुभवीहरूको सल्लाह लिंदा कमजोर हुँदैन, बरु थप शक्तिशाली र परिपक्व बन्छ । राज्यका विभिन्न अङ्ग कसरी सञ्चालन हुन्छन् भन्ने कुराको ज्ञान विना गरिएको सुधार प्रयास ‘हल्ला’ मा मात्र सीमित हुन सक्छ । त्यसैले, विज्ञता र अनुभवको जगमा उभिएर मात्र सुशासनको जग बसाल्न सकिन्छ। सल्लाहकार समितिको काम केवल नामका लागि मात्र हुनुहुँदैन । उनीहरूसँग नियमित बैठक, छलफल र सुझाव लिने संयन्त्रको विकास गरिनुपर्छ। मन्त्री र पार्टी नेतृत्वले कुनै पनि महत्त्वपूर्ण दस्तावेज वा नीति सार्वजनिक गर्नुअघि यी समितिहरूसँग परामर्श गर्ने अनिवार्य व्यवस्था हुनुपर्छ। यसले नेतृत्वलाई सम्भावित गल्तीहरूबाट जोगाउनेछ र जनताको नजरमा पार्टीको विश्वसनीयतालाई थप मजबुत बनाउनेछ। एउटा परिपक्व राजनीतिक दलले सधैं आफूलाई सिक्ने र सुधार गर्ने प्रक्रियामा राखिरहनुपर्छ । डिजिटल पारदर्शिता र नागरिक पहुँचको सुदृढीकरण आजको युग डिजिटल ट्रान्सपरेन्सीको हो, तर विडम्बना अझै पनि एउटा सामान्य नागरिकले मन्त्री वा सचिवलाई भेट्न सिंहदरबारको गेटमा घण्टौं कुर्नु र ‘पास’ का लागि सोर्सफोर्स लगाउनुपर्ने अवस्था छ । यो ‘गेटपास’ प्रणाली आम नागरिकका लागि फलामको चिउरा सरह भएको छ । रास्वपाले यो प्रथाको अन्त्य गर्नुपर्छ । सिंहदरबारको पर्खाल नाघेर आउन सक्ने आफ्ना निकटका व्यक्तिहरू मात्रै होइन, दूरदराजका जनताको आवाज पनि सिधै मन्त्रालयसम्म पुग्ने संयन्त्र बनाउनुपर्छ । यसका लागि पुराना “हेलो सरकार” जस्ता प्रणाली भन्दा धेरै गुणा एड्भान्स ‘मोबाइल एप’ हरू हरेक मन्त्रालयमा विकास गर्नुपर्छ । यसले उत्तरदायित्व र पारदर्शिता मात्र बढाउँदैन, नागरिक सर्वोच्चतालाई समेत सम्मान गर्छ । हरेक मन्त्रालयको छुट्टाछुट्टै एप हुनुपर्छ जहाँ नागरिकले आफ्ना गुनासो, सुझाव र समस्या सिधै पठाउन सकुन् । ती एपमा आएका कमेन्ट र गुनासोहरूलाई सम्बन्धित मन्त्री र उच्च अधिकारीले सिधै हेर्न सक्ने र सोहीअनुसार प्रतिक्रिया दिने व्यवस्था हुनुपर्छ । यसले गर्दा जनताले सरकार आफ्नै हातमा भएको महसुस गर्नेछन् । पारदर्शिता केवल भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ । कुन फाइल कहाँ रोकिएको छ, कुन योजनाको काम कति भयो भन्ने कुरा जनताले घरमै बसेर ट्र्याक गर्न पाउने प्रविधिको विकास रास्वपाको प्राथमिकता हुनुपर्छ । यस्तो डिजिटल पहुँचले भ्रष्टाचारमा शून्य सहनशीलताको लक्ष्य हासिल गर्न मद्दत गर्छ र शक्ति विकेन्द्रीकरणको मर्मलाई सार्थक बनाउँछ । यसका साथै, सामाजिक सञ्जालको प्रयोगमा पनि परिपक्वता आवश्यक छ। फेसबुक र टिकटकमा भाइरल र ‘फलोअस’ धेरै हुनुलाई मात्र नेतृत्वको योग्यता मान्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । सामाजिक सञ्जाल दुईधारे तरबार होह यसले जति छिटो माथि पुर्‍याउँछ, त्यति नै छिटो तल पनि खसाल्न सक्छ। नेताहरूको योग्यता उनीहरूको अनुशासन, शिक्षा, अनुभव र समाजप्रतिको समर्पणबाट मापन गरिनुपर्छ। टिकटकमा देखिने सस्तो लोकप्रियता भन्दा ठोस काम र नीतिगत स्पष्टताले नै जनताको मन जित्न सकिन्छ । डिजिटल मिडियालाई सूचना प्रवाहका लागि प्रयोग गर्ने तर त्यसैलाई मात्र राजनीतिको मूल आधार बनाउनु जोखिमपूर्ण हुन सक्छ । वाक् र प्रेस स्वतन्त्रताको सम्मान गर्दै सत्य र तथ्यमा आधारित राजनीतिलाई अगाडि बढाउनुपर्छ । सरकार र नागरिक बीचको दूरीलाई कम गर्ने काम नै वास्तविक लोकतन्त्र र सुशासनको आधार हुनेछ ।

**भू-राजनीति, सामाजिक मुद्दा र कार्यशैलीमा परिपक्वता**

वर्तमान समयमा भू-राजनीतिक अवस्था अत्यन्तै जटिल र अस्थिर छ । विश्वका विभिन्न स्थानमा भइरहेका शक्तिराष्ट्रहरूको खिचातानीको असर नेपालमा पनि प्रत्यक्ष पर्छ । यस्तो अवस्थामा कुनै पनि निर्णय लिंदा छिमेकी राष्ट्रहरूसँगको सम्बन्ध र क्षेत्रीय सन्तुलनलाई ध्यान दिनु अनिवार्य छ । उदाहरणका लागि, भन्सारमा १०० रुपैयाँ भन्दा बढीको सामान ल्याउँदा कर लगाउने निर्णयले सीमावर्ती क्षेत्रका सर्वसाधारणलाई परेको मर्का र त्यसले भारतीय मिडियामा पाएको नकारात्मक चर्चाले हाम्रो कार्यान्वयन पक्षको कमजोरी देखाउँछ । कुनै पनि नीति लागू गर्दा समानता र सामाजिक न्यायलाई बिर्सन मिल्दैन । त्यस्तै, विद्यार्थी राजनीति र सुकुमवासी समस्या जस्ता संवेदनशील मुद्दामा पार्टीले निकै सावधानी अपनाउनुपर्छ । विद्यार्थी युनियन खारेज गर्ने कुरा लोकतान्त्रिक मर्म विपरीत हुन सक्छ। विद्यार्थी संगठनमा भएका विकृतिलाई हटाउन नियमन गर्ने नीति ल्याउनुपर्छ, तर संगठन नै सिध्याउने कुराले युवाहरूको राजनीतिक चेतना र हकलाई कुण्ठित गर्छ । शान्तिपूर्ण विरोधको अधिकार र मानव अधिकारको रक्षा लोकतन्त्रका सुन्दर पक्ष हुन् । नकारात्मक पक्षलाई सच्याउने र सकारात्मक पक्षलाई कायम राख्ने ‘ट्रिटमेन्ट’ नै सही बाटो हो । सुकुमवासी समस्याको हकमा पनि “डोजर” चलाउनुअघि वास्तविक सुकुमवासी र ‘हुकुमवासी’ बीचको पहिचान हुनुपर्छ । जनतालाई दु:ख दिएर बनाइएको बाटो वा शहरको कुनै अर्थ रहँदैन । विकासको नाममा मानवीय संवेदनालाई भुल्नुहुँदैन । साथै, ‘राइट टु रिकल’ को अवधारणालाई पार्टी नेतृत्वले सही ढंगले बुझ्न जरूरी छ । यो शक्ति जनतामा हुनुपर्छ, न कि पार्टीका शीर्ष नेताहरूले कारबाही गर्ने हतियारका रूपमा । जसले जिताएर पठाएको हो, उसैले फिर्ता बोलाउन पाउने पद्धति नै वास्तविक लोकतन्त्र हो । बालिग मताधिकार र आवधिक निर्वाचनबाट चुनिएका प्रतिनिधिहरू सधैं जनताप्रति उत्तरदायी हुनुपर्छ। सरकारसँग काम गर्न प्रशस्त समय बाँकी छ। पहिलो वर्षलाई अध्ययन, अनुसन्धान र समस्याका छिद्रहरू पत्ता लगाउन प्रयोग गरौं। हतारमा काम गरेर लतपत पार्नु भन्दा विस्तारै तर दरिलो पाइला चाल्नु बुद्धिमानी हुनेछ । धेरै छिटो दौड्न खोज्दा दुर्घटनाको डर हुन्छ। रास्वपाले अरू पार्टी जस्तै सत्ताको खेलमा मात्र अलमलिनुहुँदैन, परिणाम मार्फत आफूलाई प्रमाणित गर्नुपर्छ । पार्टीभित्रका योग्य र सक्षम व्यक्तिहरूलाई जिम्मेवारी दिने र पुराना-नयाँको विभेद नगरी सबैलाई समेटेर अगाडि बढ्ने हो भने रास्वपाले देशको भविष्य बदल्न सक्छ । अन्त्यमा, राज्य सञ्चालन एउटा गम्भीर जिम्मेवारी हो, जहाँ जोससँगै होसको पनि उत्तिकै आवश्यकता पर्छ । रास्वपाले युवा नेतृत्वको ऊर्जालाई अनुभवी विज्ञहरूको ज्ञानसँग जोडेर एउटा सुदृढ पद्धति निर्माण गर्नुपर्छ। सल्लाहकार समितिहरूको गठन, डिजिटल माध्यमबाट जनतासँगको सिधा सम्पर्क र भू-राजनीतिक एवं सामाजिक मुद्दाहरूमा देखाइने परिपक्वताले नै पार्टीलाई सफल बनाउनेछ। लोकप्रियताको पछि लाग्ने भन्दा पनि दीर्घकालीन नीति र जनसेवामा केन्द्रित हुनु नै आजको आवश्यकता हो । स्वतन्त्र न्यायपालिकाको सम्मान र संवैधानिक सर्वोच्चतालाई कायम राख्दै अगाडि बढ्नुपर्छ । संयमित भएर काम गर्ने हो भने बाँकी रहेका वर्षहरूमा देशमा एउटा ठूलो सकारात्मक परिवर्तन ल्याउन र जनताको भरोसालाई कायम राख्न सकिन्छ ।

*-अनलाइनखबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोट्टरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मन बढी तानिन सक्छ। काममा शान्त भएर अघि बढ्नु राम्रो हुनेछ। | **तुला** : जिम्मेवारी सम्हाल्दा प्रशंसा मिल्नेछ। धैर्यले सफलता नजिक ल्याउनेछ। |
| **वृष** : समाचारले मन उत्साहित बनाउन सक्छ। छोटो दूरीको यात्रा हुन सक्नेछ। | **वृश्चिक** : भाग्य पक्ष बलियो रहने संकेत छ। सिकाइबाट राम्रो अनुभव मिल्न सक्छ। |
| **मिथुन** : भविष्यको योजना बन्न सक्छ। मेहनतको प्रतिफल बिस्तारै देखिन थाल्नेछ। | **धनु** : स्वास्थ्यमा ध्यान दिनुपर्ने देखिन्छ। संयमित व्यवहारले सहजता ल्याउनेछ। |
| **कर्कट** : आत्मबल बलियो रहनेछ। आफूले थालेको काममा गति आउनेछ। | **मकर** : सहकार्यले काम बन्न सक्छ। जीवनसाथीसँग समझदारी बढ्नेछ। |
| **सिंह** : मनलाइ आराम चाहिने दिन छ। एकान्तमा बस्न मन लाग्न सक्छ। | **कुम्भ** : दैनिक काममा चाप बढ्न सक्छ। शरीरमा थकान महसुस हुन सक्नेछ। |
| **कन्या** : सहकार्य बढ्ने संकेत छ। नयाँ योजनाको कुरा चल्न सक्छ। | **मीन** : कलात्मक काममा रुचि बढ्नेछ। प्रिय व्यक्तिसँग समय बिताउन मन लाग्नेछ। |




निबन्ध — योगेन्द्र उपाध्याय 'पुष्प'

# जीवनको डिजिटाइजेशन

इन्फरमेशन टेक्नोलोजीको क्षेत्रमा एक बहुचर्चित टर्म छ त्यो हो डिजिटल डिभाइड अर्थात सूचना तथा संचारका माध्यम प्रयोग गर्ने र नगर्नेहरु बीचको सीमारेखा वा प्रयोगकर्ता र प्रयोग नगर्नेहरु बीचको भिन्नता । धेरै हदसम्म हामी सबैले कुनै न कुनै समयमा कुनै न कुनै हदसम्म सूचना तथा सञ्चारका माध्यम प्रयोग गरेकै छौं या भनौं सेन्ट्रल रिपब्लिक अफ अफ्रिका र टुभालु जस्तो अन्यन्तै अविकसित देशका प्रत्येक बासिन्दा या कर्णालीका खोंचहरुमा आनो जीवनलाई सार्थक बनाउँदै गरेका नागरिक । उनीहरुले पनि कहिले न कहिले डिजिटल संचार माध्यमहरुको प्रयोग गरेकै हुनुपर्छ चाहे त्यो रेडियोको रुपमा होस् या अन्य कुनै । समयसँगै डिजिटल डिभाइडेशनले नयाँ परिभाषा प्राप्त गर्यो र आज साधारणतया इन्टरनेटको प्रयोगकर्ता र इन्टरनेट प्रयोग नगर्ने बीचको सीमारेखालाई डिजिटल डिभाइडेशनले परिभाषित गरिन्छ जुन मलाई मन पर्दैन, युक्तिसँगत लाग्दैन किनकि मानिसमा डिभाइडेशन यदि डिजिटलले गर्ने हो भने हाम्रो भविष्य हाम्रो हातमा छ कि विद्यूतीय प्रवाह १०१०१ को हातमा तर यो गलत पनि होइन किनकि समय अनुसार सत्य, मान्यता, धारणा, परिस्थिति परिवर्तनशील हुन्छन् नै । हामीलाई लाग्ला सत्य समय अनुसार परिवर्तनशील हुँदैन । वास्तवमा सत्य हाम्रो चेतनाभन्दा इतर बस्तु होइन हाम्रा धारणाहरुले नै सत्यको निर्माण गरिरहेका हुन्छन् । आजभन्दा २-३०० वर्ष पहिला पृथ्वी चेप्टो छ र म्याटरले बनेको छ भन्ने सत्य थियो, आज पृथ्वी गोलो रहेको र म्याटरले बनेको सत्य छ, बिस्तारै विज्ञान त्यस दिशातर्फ उन्मुख छ जो मान्दछ कि- "पृथ्वी न गोलो छ न चेप्टो, यहाँ पदार्थ मात्र छैन प्रतिपदार्थ पनि छ, पृथ्वीमा पृथ्वीमात्र छैन पृथ्वीका अनेक लेयरहरु छन् र एउटा लेयरसँग मात्र हामी परिचित छौं, एउटा मात्र पृथ्वी छैन सेम टाइम, सेम डाइमेन्सन र सेम सिचुएसनमा लाखौं पृथ्वीहरु छन्, सेम म्याटर सेम टाइममा लाखौं ग्यालेक्सीहरु छन् मल्टिभर्स छ, मैले लेखेको यो लेख अक्षरश: हजारौंले लेखेका छन् र तपाईंले जस्तै १००% समान परिस्थितिमा हजारौंले पढिरहेका छन् । "यो भोलिको पृथ्वीको सत्य हो प्रुफ होला नहोला तर आजभन्दा छुट्टै परिभाषा भने अवश्य पाउनेछ पृथ्वीले । सत्य फेरी हामी नदीको कुन किनारामा छौं भन्ने कुराले पनि छुट्याउँछ जस्तै: कर्णको लागि दुर्योधन सत्य हो भने कृष्णको लागि अर्जुन । यस अर्थमा मैले देखेको डिजिटाइजेशनको विकृत रुप मेरो किनाराको पनि हुन सक्छ । २-४ दिन देखि म थ्ाखबा ल्यबज ज्बचबचष को क्बउष्भलक पुस्तक पढिरहेको छु । केही कल्पना, केही तथ्य र केही अनुसन्धानकै क्रममा रहेको विषयवस्तुहरुलाई उदृत गर्दै लेखिएको यो पुस्तक मानव इतिहासलाई बडो रोचक ढंगबाट प्रस्तुत गर्दछ । एउटा प्रसँग मलाई साह्रै मन पर्यो मानौं फिजिक्स या इतिहासमा पोख्त दुई वैज्ञानिक या इतिहासकार एक आपसमा भेट भए भने उनीहरु बीच के कुरा हुन्छ होला ? ज्बचबचष आनै अनुभव सुनाउँदै भन्छन् ५% इतिहास वा विज्ञानका कुरामा खर्चिने गरिन्छ भने ९५% गसिप । अरुको कुरा काट्न । चाहे त्यो सकारात्मक होस् या नकारात्मक सम्भवत: ८०% नकारात्मक १५% सकारात्मक । उनी भन्छन् सकारात्मक होस् या नकारात्मक कुरा कटाई यसले मानवको संज्ञानात्मक र भावनात्मक विकासमा ठूलो मद्दत पुर्यायो । कुरा काट्नाले नै मानिस एक अर्कामा जोडिन पुग्यो । समान प्रकारले समान व्यक्तिको कुरा काट्नेहरुको झुण्ड बन्यो र पछि त्यो कबिलाको रुपमा विकशित भयो र बिस्तारै समाज, पन्थ, राष्ट्र निर्माण भयो । कुरा काट्नालेनै शक्तिशाली भन्दा शक्तिशाली शासकहरुको शासन सत्ता परिवर्तन भयो । कुरा काट्नुको नै देन हो शासकहरुको शक्ति भन्दा जनताको शक्ति अधिक हुन पुग्यो वास्तवमा दुई वा दुई भन्दा बढी व्यक्तिहरुबीच कुरा काट्नु गलत होइन तर डिजिटाइजेशनले कुरा काट्नुलाई एकै व्यक्तिको दुई फरक विचारहरुको बिचमा मात्र सिमीत बनाइदियो । कुरा कटाइमा सिर्जनात्मकता भएन कुरा कटाइमा दम भएन कुरा कटाइको विषयवस्तु नै केही थान फोटा र केही शब्द स्टेटस भइदियो । अनि यसै कारण प्रविधिको विकास भयो तर मानवको विकास भएन आज प्रविधिले प्रविधि बनाइदिन्छ मानव नै पो किन चाहियो संकटमा छौं हामी । ७०००० वर्षमा हामीले सिकेका अनुभव कति सस्तो झैं लाग्दछ मलाई । गुगललाई उछिन्दै हालै टिकटक नं. १ प्लेटफर्म बनेको प्रसंग हामी सबैले सुनेकै हुनुपर्छ र बुझेको पनि हुनुपर्छ डिजिटल प्याटफर्महरु कुन कार्यको लागि प्रयुक्त हुँदैछन् । बुझ्नुपर्ने कुरा के पनि छ भने विकिपिडिया जस्ता पोर्टलहरु च्यारिटिबाट चलिरहँदा टिकटकमा पाइएकै गिट्का कारणले लखपति बन्नेहरु पनि छन् । यो ती व्यक्तिहरुलाई गतिलो झापड हो जो मान्दछन् डिजिटाइजेशनबाट ज्ञानको वृद्धि हुन्छ । फेरी हामीलाई यो पनि लाग्न सक्छ यो त प्रयोगकर्ताको च्वाइस हो । उसको विवेक प्रयोग गर्नुपर्ने हो । धेरै हदसम्म यो सत्य पनि हो विवेक । तर सराउण्डिङ्ग या भीडको बिचमा एउटाको विवेकले कुनै अर्थ राख्दैन । अविवेकीहरुको बिचमा विवेकी झनै ठूलो अविवेकी सावित हुन्छ । अविवेकीले पनि अविवेकी भन्ने व्यक्ति कुन हदसम्मको अविवेकी हुन पुग्छ होला । अनि उ फ्रस्टेड नभएर को हुने । फेरी एक्सपोज सधैं रंगीन हुन्छ । रंगीन देखिन र रंगीन देख्न कसलाई पो मन पर्दैन र ? अनि कुन यस्तो रंग छ जुन समयसँगै रंगहीन हुँदैन र ? रंगीन र रंगहीन बीचको यात्रामा प्राप्त उजाडताले कसलाई पो फ्रस्टेड बनाउँदैन र ? हलिउड र बलिउडमा हुने आत्महत्या यसका ज्वलन्त उदाहरण हुन् । एकदमै अचम्मलाग्दो परिवेशमा हामी छौं । कोही मर्यो इभन आफनै सबैभन्दा प्रिय मान्छे मर्यो । उसको मृत शरीरको तस्वीर फेसबुकमा राखेर दु:ख मनाउ नगरेसम्म र दु:ख मनाउको पोष्टमा ४-५०० वटा च्क्ष्ए नपाएसम्म हामीलाई वास्तविक दु:ख भएको महशुस समेत हुँदैन । या दु:खि भएको सावित गर्न मन लाग्ने र सावित गर्नुपर्ने अचम्मको परिस्थिति छ हाम्रो अगाडी । एउटा कथाको प्रसँग याद आयो । एउटा बाबुको छोरा मर्छ । जसले जीवनभर त्यो छोरालाई गलत भने उनीहरुले समेत केटो गतिलो थियो असमयमै मर्यो भनेर बाबुलाई सहानुभूति दिन्छन् । दिनभर सयौँको संख्यामा सहानुभूति दिनेहरु आउँछन् बाबुचाहिँ भीडबाट उम्कन खोज्छ तर उम्कन पाउँदैन । साँझ परेपछि भीड कम हुन्छ अनि शौचालयमा गएर मज्जाले रुन्छ अनि बल्ल उसको मन भक्कानिन बन्द हुन्छ । थोरै भएपनि शान्ति मिल्छ । कुन लेखकको कथा हो प्रस्ट याद भएन तर मार्मिक छ । बर्तमान परिस्थिति भिन्न छ । सराउण्डिङ्गको भीड त छँदैछ अरु नपुगेर कमेण्टका भीडहरुबीच आफूलाई दु:खी सावित गर्नाले शान्ति कहाँ मिल्छ र ? वास्तवमै दुखी छौं भने चाहे जुनसुकै कारणले होस् रुनुपर्छ भित्तालाई हेरेर, रुखलाई हेरेर, आकाश तारा चन्द्रमा उनीहरुको विशालता हेरेर अनि बल्ल लाग्छ हाम्रो दु:ख कति सानो छ । २००८ मा फेसबुकको अकाउण्ट खोलेको मैले समयक्रमसँगै २०१७ देखि दिनको एट लिष्ट १ पटक रुओपन गरेकै हुन्छु । १-२ दिन कतै हिँड्दा फेसबुक, म्यासेन्जर ओपन गरिएन भने सकसक लाग्ने र औंलाहरुमा छटपटाहट हुने अनौठो सिचुएसनकै बिचमा मोबाइलको स्क्रिन फुट्यो । ३-४ दिन मर्मत गरिएन अनि मर्मत गर्ने क्रममा थप ५-७ दिन लाग्ने भएकाले १ हप्ता भयो म डिजिटल डिभाइडमा छु । जब म डिजिटलमा हुन्थें त्यस बेलाका केही तनावहरु निम्नानुसार लिष्ट आउट गरेको छु । १. कतै गयो प्रथमत: फोटो खिच्ने तनाव, खिच्ने क्रममा रिलवाला क्यामेरा झैं पोज नमिलाइदो रहेछ । डिफ्रेन्ट डिफ्रेन्ट पोजको प्रति पोज ५-७ वटाका दरले फोटो खिच्नुपर्ने । समग्रमा ३०-४० वटा फोटाबाट अत्यन्तै उत्कृष्ट फोटा छान्न पनि अत्यन्तै सकस । खिचाइमा त्यति समय खर्च हुँदैन जति चुज गर्नमा । एउटा फोटोमा हात मिल्दैन, एउटामा मुस्कान भने कुनैमा पाइन्ट खुम्चिएको हुन्छ । फेरी फोटो चुज गर्दा उहि दिनकै फोटो भएपनि फरक फरक कपडा लगाएको समेत खोजिँदो रहेछ । आधा घण्टा लगाएर फोटो चुज त भयो तर क्याप्सन के लेख्ने ? नेपालीमा लेख्ने की अंग्रेजीमा । क्याप्सन कस्तो लेख्ने कस्तो शब्द चयन गर्ने जसले हामीलाई खुशी छ है भनेर प्रमाणित गर्न सकोस् । २. फोटो हालियो ठिक छ काण्ड सकिनुपर्ने सकिँदैन । नोटिफिकेशनको टण्टो उत्तिकै । सकेसम्म सबैको फुर्सद हुने समय साँझ ८ बजे फोटो हालिन्छ अनि सुरु हुन्छ पर्खाइ । कसले कमेण्ट गर्यो कसले गरेन । कमेण्ट पनि कस्तो गर्यो । स्टीकर वाला थर्ड क्लास, अटोमेटिक सेन्टेन्सवाला सेकेण्ड क्लास या आफैले टाइप गरेको फस्ट क्लास । सेन्टेन्स वालाको पछि एक वटा वर्ड थप गरेको क्लास चाहिँ उल्लेख गरेको छैन । त्यत्रा चुज गरेका फोटामा अपेक्षाकृत कमेण्ट आएन भने हुने निराशा एकातिर छ भने लाइक सेक्सनमा रहेका पानका पात, पानका पातलाई अंगालो हालेको, हाहाजस्ता रियाक्टहरुको लेखाजोखाको सकस पनि उत्तिकै । भोलिका दिनहरुमा ती कमेण्टका बदलामा उसैको कमेण्टको जस्तो कमेण्ट गर्नुपर्ने दायित्वजन्य कुरा पनि छँदैछन् अर्कोतिर । मानौं छोरीको बिहेमा रहेको नगदको हिसाब राख्ने कापी हो जिन्दगी उसले २५०० दिएको छ भने प्रतिवर्ष १०% थप गरेर उसको छोरीको बिहेमा नगद दिनुपर्ने । डिजिटलको नाउँमा बढ्दै गएको यो क्रेजीनेश, डिजिटाइजेशनसँगै बढ्दै गएको अरुको जीवनभित्र नियाल्ने चासो । आफ्नो जीवनलाई अरुसामू एक्सपोज गर्न मन लाग्ने हुटहुटी साँच्चै हामी मनोरोगी त हुँदै छैनौं । अवस्था यस्तो सम्म छ मनोपरामर्शदाता समेत यस केशमा मनोपरामर्श लिन बाध्य छन् हाम्रो उद्दार कसले गर्ने ? मोबाइलको स्क्रिनको प्रत्येक पिक्सेलहरुमा मेरा आँखाका तारहरु जोडिएझैं लाग्छ । लाग्छ यो औंलाहरु त्यो स्क्रीनलाई छुन बनेका हुन् । चराचर जगतको छुन योग्य बस्तु मोबाइलको स्क्रिन हो । डिजिटल डिजिटल डिजिटल ।

*-समकालीन साहित्य डटकम*

कथा — त्रिभुवनचन्द्र वाग्ले

# छोरीहरू किताब हुन्

बाबाहरूले छोरीलाई बाहिरबाट मात्र पढ्न सक्दा रहेछन् । एउटा ठूलो किताबको एक अनुच्छेद जसरी । रहस्यले भरिएको त्यो किताब मैले पढ्न सकिनँ । न्यायाधीश मुसुक्क हाँस्नु भयो । भन्नुभयो- यो त अविश्वास भयो । तपाईंहरू एक आपसमा विश्वस्त हुनुहुँदो रहेनछ । बहस सुन्न बसेका धेरै सहभागी हाँसे । प्रवीणा हाँसेनन् । उनीहरू अर्थात् प्रवीणा नहाँसेपछि न्यायाधीशले सोध्नुभयो- "यदि मसँग रसरङ्गको चेतना हुँदैनथ्यो भने उहिल्यै आत्महत्या गरिसकेको हुन्थें" यो भनाइ सुन्नुभएको छ, कसले भनेका हुन् ? दुवैले टाउको हल्लाए-'थाह छैन ।' 'गान्धीजीले, महात्मा गान्धीले' न्यायाधीशले हाँस्दै भन्नुभयो- "हाँस्नुहोस् र आत्महत्याको भयङ्कर बाटो छाड्नुहोस् ।" आत्महत्या अपराधमात्र होइन पाप पनि हो.....न्यायाधीशले बोल्न थालेपछि अधिकांश सहभागी छक्क परे- न्यायका कुरा गर्लान् भनेको त पाप र पुण्य ! धर्मका कुरा । प्रवीणा, खासमा उनीहरू प्रवीण र वीणा थिए । प्रेममा एउटा नयाँ अभ्यासस्वरूप प्रवीण र वीणा शब्दको सन्धिबाट उनीहरूले आफूलाई प्रवीणा बनाएका थिए । उनीहरूले अदालतको बयानमा आफ्नो नाम क्रमश: प्रवीण उर्फ प्रवीणा र वीणा उर्फ प्रवीणा बताउँदा धेरै सहभागी छक्क परेका थिए, कस्ता जिनिस आएछन् यहाँ ! न्यायाधीशले बयानको कारवाही अगाडि बढाउन आदेश दिए । प्रवीणले पहिला चारैतिर र पछि न्यायाधीशलाई एकोहोरो हेरेर भने- 'तिमीले मलाई जलाउन सक्दैनौ, त्यसैले मैले आफैँलाई समाप्त गरें' भनेर भगवानलाई चुनौती दिन मानिसले रोजेको बाटो हो आत्महत्या । "अँ यो भनाइ कहाँबाट लिनुभयो ?" विल महेर (जन्म २० जनवरी १९५६), अमेरिकी कमेडियन । 'सेन्स अफ ह्युमर भएका मानिसले आत्महत्या गर्दैनथे भने यो संसारमा कसैले पनि आत्महत्या गर्दैनथे न्यायाधीश साप...' प्रवीणले सोधे, 'सेन्स अफ ह्युमर नभएका पनि मानिस हुन्छन् र ?' बन्द ओठमाथि दुई औँला राखी आँखा चिम्लेका न्यायाधीशले थप भनाइ राख्न प्रवीणलाई सङ्केत गरेपछि प्रवीणले भने- कलेस्ती बजारबाट दोभान र मादीको एकुवार हुँदै छाङ्गे बराहतलका ठूला ठूला ढुङ्गा र गल्छेडो पार गरी परेवा रहमाथि रहेको पहराको खोचमा पुग्यौं । साउने झरी एकनास थियो । "सबै सल लेऊ", मैले भनें । उनले दिइन् । मादीमा माछा मार्न सक्रिय लोग्ने मानिस र मादीले बगाएर ल्याएका दाउरा टिप्न आतुर दिदीबहिनी देखेर हामी रोमाञ्चित थियौं । लोग्ने मानिसले एउटा लँगौटी मात्र लगाएका थिए । महिलाले छाती र अधोअङ्ग मात्र ढाकेका थिए । आखिर नाङ्गो हुनु र नहुन पनि समयसापेक्ष सन्दर्भ रहेछ ! वीणातिर सङ्केत गर्दै प्रवीणले सम्झिए-उनका बाबाले कृष्णाष्टमीको दिन छोरीले पकाएको चिचिण्डोको तरकारी र भुजा खाने भन्नुभएको थियो रे....। हाम्रो टाउकोमाथि केही परेवा उडेका थिए । केही घुरिरहेका थिए । केही प्रेमातुर देखिन्थे । केही चुच्चो चुच्चो जोडेर निश्चल थिएह शायद कसैले नसुन्ने गरी सल्लाह गर्दै थिए कि ! यसैबीच मैले चारैवटा सललाई एकएक गाँठो पारेर लामो बनाएँ । "पुग्छ होला ।" उनले भनिन् । "आऊ, अल्लि यता । मसँगै टाँसिएर बस ।" उनी र म छाती टाँसेर उभियौं । पहराबाट तप्तप पानी चुहिएको थियो । मादी सुसाइरहेको थियो, मानौं गीत गाएको थियो । त्यो पनि तीजका विरह लाग्दा गीत । चराहरू कराइरहेका, उडिरहेका थिए, यस्तो कि उनीहरू कोही गाइरहेका, कोही नाचिरहेका थिए । उनी र म टाँसिएपछि उनको छातीले मलाई घचेटेजस्तो, घोचेजस्तो भयो । कपाल, सिर्रर हावाले मेरो मुखमा ल्यायो । मैले बिस्तारै उनको कपाल हटाएँ । म जान्न चाहन्थें- "उनलाई कस्तो अनुभव भइरहेको छ ?" मैले उनलाई छातीमा टाँसिन आग्रह गर्दै सलले फनफन्ती हामीलाई बेरें, पटुका बाँधेजस्तै । हामी एकाकार भयौं । उनको र मेरो नाकनाक, मुखमुख, छातीछाती, नाभीनाभी र घुँडाघुँडा जोडिए । केही वर्षअघि जन्त जाँदा सुनेको- प्राणस्ते प्राणान् सन्दिधामि अस्थिमिस्ते अस्थानी सन्दिधामि मांसस्ते मांसानी सन्दिधामि त्वच्वा ते त्वच्वं सन्दिधामि । धार्मिक मन्त्रोच्चारणको याद आयो । शुरुमा मैले यसको अर्थ बुझेको थिइनँ । पछि शब्दको अर्थ मात्र नभएर यसको तात्पर्य, भावार्थ, व्यञ्जना वा बक्रोक्ति बुझें । मेरा पिताजीले बताइदिनुभएको थियो 'प्राणमा प्राण, हड्डीमा हड्डी, मासुमा मासु र छालामा छाला समाहित होस् । एकाकार होस्,एकीकृत होस् ।' हो हामी एकाकार हुन चाहन्थ्यौं । दुवैजना मिलेर गाँठो कस्यौं । "फुस्कँदैन होला है ?", उनले सोधिन् । "फुस्कँदैन । हामीले कसेको गाँठो अरूले फुस्काउन सक्ने कुरै भएन ! अब त हामीले पनि फुस्काउन सक्दैनौं", मैले भनें । त्यही विवाहमा यसरी नै कसिएको आँचल गाँठो देखेर म रोमाञ्चित थिएँ । उनको निधार र नाकबाट पानी चुहिएको थियो । मैले पुछिदिएँ । भुइँमा बस्न नमिलेपछि हामी छेवैको अग्लो ढुङ्गामा आढेस लिएर उभियौं । लडियो भने एकैचोटि मादीमा खसिने भीर छ तल । जीवनको यो खण्डमा आइपुग्दा मैले कहिल्यै सोचेको थिइनँ, यस्तो क्षण पनि आउने छ । प्रवीणले स्कुलका दिन सम्झिए- स्कुलबाट साँझ घर फर्कंदा आमाले मलाई घाँसको भारीमाथि राखेर फर्कनुहुन्थ्यो । कहिले वीणाका बाबा लिन आउनुहुन्थ्यो र हामी दुवैलाई डोर्याउँदै घर ल्याउनुहुन्थ्यो । घरबाट लिन नआउँदासम्म हामी सिसमटार स्कुलको वरको फेदमा कहिले विवाह गरेको, कहिले लोग्नेस्वास्नी भएको, कहिले ढुङ्गालाई छोराछोरी बनाएर सँगै सुतेको, कहिले मास्टर भएर पढाएको अभिनयमा खेल्थ्यौं । कतिपटक मैले उनको सर्टभित्र मेरो झोला राखिदिएको थिएँ, ताकि उनी आमा र म बा हुन खोजेको दृश्य देखियोस् । कापीका पाना च्यातेर मैले उनको छातीमा स्तन बनाइदिन्थें । उनले बच्चालाई त्यो चुसाउँथिन् । म बिरामी भएका बेला उनले मलाई औषधी खुवाउँथिन् । मैले पनि यस्तै गर्थें । उमेर बढ्दै गयो । पहिला जस्तो खेल्न नमिले पनि असाध्यै माया गर्थ्यौं एकअर्कालाई । प्रवीण रोकिएसँगै न्यायाधीशको सङ्केतपछि वीणाले पुराना घटना सुनाइन आमालाई हरेपले टोक्दा प्रवीणले मानिस खोजेर दमौली अस्पताल पुर्याउन सहयोग गरे । आमालाई कुरेर रातभरि हामी अस्पताल बसेका थियौं । हामी दुवैको टाउकोमा हात राखेर आमाले, "तिमीहरू सँधै सँगै रहनू", भन्नुभएको थियो तर हामी हार्ने अवस्था आयो । जित्ने कोसिसस्वरूप दुवैजना सलमा बाँधिएर बग्न चाहेका थियौं । यही हो सल... झोलाबाट झिक्दै प्रवीणले देखाए- "हामी एक सेकेण्ड पनि छुट्टिएर बाँच्न नसक्ने भएपछि यसरी एउटै बन्धनमा बाँधिएर मर्न चाहन्थ्यौं ।" हामी परेवा रहमा एकैपटक हामफाल्न र मर्न चाहन्थ्यौं । त्यसका निम्ति हामीले सलले बाँधिने निर्णय गयौं । हामीलाई कसैले पनि विवाहका लागि सोधपुछ गरेनन् । हामीले पनि हाम्रा कुरा घरपरिवारमा भन्न सकेनौं । जब कि समाज, घरपरिवार कोही पनि हाम्रा विरुद्ध थिएनन् । वीणाले थपिन बरु कहिलेकाहीँ मान्दा मानिसले जिस्क्याउँथे- "कहिले दिने त बिहेको निम्ता ?" र पनि हामीलाई, हाम्रो उमेर र हाम्रा जिज्ञासा कसैले पढेनन् मानौं हामी एउटा उपेक्षित पुस्तकमा रहेको एक थान कथा थियौं । र थियौं कथाका दुई थान अस्वीकृत पात्र । मसरहका सरला, विमला, विनु, चिनु र नन्दिका सबैको विवाह भइसकेको थियो । मेरो विवाहका बारेमा बाले चिन्ता गरेको सुनेकी थिएँ- "यो वर्षसम्मको सञ्चय कोष झिकेर भुइँचालोले भत्काएको घर बनाएँ, त्यसै वर्ष बर्खाले खेत बगायो, कच्ची घर भएकाले बैंकले धितो राख्न मानेनन्..... कसरी गर्ने छोरीको विवाह !?" प्रवीणले भने- "हो, सलले बाँधिने र सँगै बग्ने निर्णयपछाडि वीणाको धेरै दबाब थियो । उनी बाँच्न चाहन्नथिन् ।" प्रवीणलाई रोक्दै वीणाले भनिन्- "मेरो विवाहको कारण बाबा तनावमा हुनुहुन्थ्यो ।" वीणा नि:शब्द भएपछि प्रवीणले थपे- हामी एउटै सलमा बाँधिएर बग्न चाहेका थियौं । आफूसँगै सपना बगाउन चाहेका थियौं । सलमा बाँधिएपछि उनी नि:स्वास मेरो काँधमा चिउँडो अड्याएर उभिइन् । म पनि त्यसरी नै उभिएँ । मानौं हामी सजीव तर हावा नचलेका बखतका दुई वृक्ष थियौं । यसैबीच मैले भनेको याद छ- वीणा हामीले युगल आत्महत्याको अठोट गर्यौं र यज्ञ जित्यौं । मनसा, वाचा कर्मणा हामी सँगसँगै मरिसके । यो कुनै अनुष्ठानमा गरिएको भन्दा कम प्रतीज्ञा होइन । अठोट पनि आफैँमा यज्ञ हो । हामीसँग जीवन छ । जगत छ । हामीसँग यौनका अज्ञात उत्सुकता छन् । हामी यौनबाट यज्ञमा प्रवेश गर्न सक्नुपर्छ । मर्ने होइन । अहँ उनी मानिनन् । परेवा रहमा हामफाल्नुअघि मैले वीणालाई सकेसम्म च्यापें । उनले पनि मलाई त्यसै गरिन् । यस्तै अवस्थामा केही मानिसले हामीलाई पक्राउ गरे । पक्राउमा नपरेको भए हामी मादीमा हामफाल्न सक्थ्यौं । सार्वजनिक स्थलमा सामाजिक मर्यादा भङ्ग हुनेगरी यौनजन्य कसुर गर्यौं भन्ने अभियोगमा हामीलाई पक्रिएको रहेछ । "श्रीमान् प्रहरीको जाहेरीअनुसार सरकारी वकिल म आनन्द विवेक शर्मा घटनाका बारेमा केही बताउन चाहन्छु ।" रोष्टममा उभिएका एक व्यक्ति बोले- "प्रत्यक्षदर्शी बोटेहरूले देख्दा उनीहरू वस्त्रविहीन थिए । उनीहरूले सार्वजनिक स्थल पहरामुनि यस्तो अवस्थामा घन्टौं बिताएका थिए, सामाजिक मर्यादा विपरीत । लामो मौनतापछि वीणा भक्कानिइन् - "बाबालाई चिचिन्डोको तरकारी दिन पाइनँ ।" अश्रुपूर्ण उनी अवरुद्ध भइन् । प्रहरीको दाबीअनुसार यी दुई व्यक्तिले फौजदारी कार्यविधि संहिताको दफा १२२ बमोजिम सार्वजनिक स्थानमा अश्लील क्रियाकलाप वा व्यवहार गरेको वा यौनाङ्ग देखाएको वा अश्लील शब्द बोलेका वा इसारा गरेको मुनासिव प्रमाण देखिएन । यसैगरी, फौजदारी कार्यविधि संहिताको दफा १८५ अनुसार कारबाही माग भएकामा यहाँ कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिने वा त्यस्तो काम गरेको परिस्थिति खडा भएको उचित प्रमाण पनि भेटिएन । यस्तो अवस्थामा यो मुद्दामा मुलुकी अपराध संहिता ऐन, २०७५ आकर्षित हुने अवस्था रहेन । फैसलाको पूर्ण पाठ तयार गर्न आदेश गर्छु । "अदालती फैसलाको पूर्णपाठ तयार होला कि हाम्रो आत्मकथा तयार होला" प्रविण सानो स्वरमा बोले ।

*-साहित्यपोस्ट डटकम*

# तानसेनको बर्तुङ्गमा खाना महोत्सव हुँदै




**पाल्पा, जेठ ६/** जिल्लाको तानसेन नगरपालिका-६ बर्तुङ्गमा खाना महोत्सव तथा सांस्कृतिक कार्यक्रम हुने भएको छ । परम्परागत लोक कला संस्कृतिक र स्थानीय खानाको संरक्षण गर्ने उद्देश्यले बर्तुङ्ग भित्र रहेका टोलविकास संस्थाहरुले यही जेठ ९ गते शनिबार बर्तुङ्गमा एक दिने खाना महोत्सव तथा सांस्कृतिक कार्यक्रम गर्न लागेका हुन् ।

बर्तुङ्ग खाना महोत्सव तथा सांस्कृतिक कार्यक्रम २०८३ मूल आयोजक समितिले बुधबार पत्रकार सम्मेलन गरी प्रथम बर्तुङ्ग खाना महोत्सवको बारेमा जानकारी गराएको छ । स्थानीय खानाको संरक्षण गर्ने, खानाको स्वाद आन्तरिक तथा बाह्य पर्यटकलाई चखाउनुको साथै तानसेनमा पर्यटकहरुलाई भित्र्याउने, महिलाहरुमा रहेको अन्तरनिहित नेतृत्व क्षमतालाई उजागर गर्ने, अन्य टोलविकास संस्थाहरुसँगको सम्बन्धलाई सुमधुर बनाउने, महिला उद्यमीहरुबाट उत्पादित कृषि जन्यवस्तुहरुको प्रदर्शनी तथा विक्रीलाई प्रोत्साहन गर्ने उद्देश्यले सडक खाना महोत्सवको आयोजना गरिएको समितिकी अध्यक्ष भुमी बुढाथोकीले बताइन् । महोत्सवले यस क्षेत्रको पर्यटन विकास, कला संस्कृति र मौलिक खानका परिकारको प्रचार-प्रसारका साथै बजारीकरणमा टेवा पुग्ने विश्वास उनले लिइन् । पत्रकार सम्मेलनमा वडा अध्यक्ष सागरमान महर्जनले तानसेनको पर्यटन प्रवर्द्धनका लागि वडाबाट समेत एक लाख बजेट विनियोजन गरि टोलविकास संस्थाहरुले महोत्सव गर्न लागेको बताए । उनले स्थानीय खाना र कला संस्कृति हराउँदै जान थालेको अवस्थामा टोलविकास संस्थाहरुले संरक्षणमा चासो देखाएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमहरुलाई प्रोत्साहन गर्ने बताए । अध्यक्ष महर्जनले स्थानीय अचारलाई समेत प्रथामिकतामा राख्न आयोजकलाई आग्रह गरे । उनले महोत्सवसँगै सरसफाई कार्यलाई पनि ध्यान दिनुपर्नेमा जोड दिए । महोत्सवले पर्यटन विकासका लागि महत्वपूर्ण टेवा पुग्नेमा उनले विश्वास समेत व्यक्त गरे । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले टोल विकास संस्थाले लोपउन्मूख अवस्थामा रहेका कला संस्कृति र खानाका परिकारहरुको संरक्षणमा देखाएको संक्रियता आफैमा प्रशसंनिय रहेको बताए । उनले पछिल्लो समय अधिकांस टोलविकास संस्थाहरुले खाना महोत्सव गर्ने तर त्यसको आयव्यय सार्वजनिक नगर्ने परम्परा रहेकोले त्यसो नगर्न आयोजकलाई आग्रह गरे । कार्यक्रम गरेपछि पादर्शी हुनुपर्नेमा उनले जोड दिएर । सचिव रायमाझीले महोत्सव सफल पार्न पाल्पाका मिडियाहरुको पूर्ण सहयोग रहने प्रतिवद्धता व्यक्त गरे । वडा सचिव विशाल ओलीले बर्तुङ्गको बटुकको आफ्नै महत्व र पहिचान रहेको बताए । उनले बटुकबाट नै यहाँका अधिकासं व्यक्तिहरुले राम्रै आम्दानी गर्न सफल भएकाले त्यसको ज्ञान र उपयोग नयाँ पुस्तामा समेत हस्तान्तरण गर्नुपर्नेमा जोड दिए । वडा सदस्य रेखा विस्टले वडा कार्यालयले अन्य टोल विकास संस्थाहरुलाई समेत विगतमा महोत्सव आयोजना गर्नको लागि सहयोग गर्दै आएको बताइन् । उनले महोत्सव सफल पार्न जिल्लाका पत्रकारहरुलाई प्रचार प्रसारमा सहयोग गरिदिन पनि आग्रह गरिन् । महोत्सवमा नेवारी, मगरी, क्षेत्री ब्रह्मण, लगायत जातिजातीका खानाका परिकारहरूको १५ वटा स्टल रहने छन् । जहाँ लोपोन्मुख अवस्थामा रहेका रैथाने खानाहरु बटुक, चुकाउनी, पकौडा, सेलरोटी, योमरीहरुको स्वाद लिन सकिने छ । दर्शकले स्थानीय खानाको स्वादसँगै विभिन्न जात जातिका भेषभुषा, नाँचगान र स्थानीय राष्ट्रिय कलाकारहरुको प्रस्तुति सहित मनोरञ्जन लिन सक्ने आयोजकले जनाएको छ । महोत्सव सम्पन्न गर्नका लागि २ लाख खर्च हुने वडा सदस्य तथा समितिकी गोमा गैरेले बताइन् । "सडकमै खाऔं, सडकमै रमाऔं" भन्ने मूल नाराका साथ आयोजना हुन लागेको महोत्सवमा ५ हजार दर्शकहरुले अवलोकन गर्ने लक्ष्य आयोजकले राखेको छ । समितिकी अध्यक्ष भुमी बुढाथोकीको अध्यक्षता, सुदर्शन कोइरालाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### आईसीसी वरीयतामा नेपाली खेलाडीको उल्लेख्य सुधार



**काठमाडौं**, जेठ ६/आईसीसी एकदिवसीय वरीयतामा नेपाली खेलाडीहरूले उल्लेख्य सुधार गरेका छन् । घरेलु मैदानमा चलिरहेको लिग-टु शृङ्खलामा गरेको प्रदर्शनका आधारमा अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को पछिल्लो एकदिवसीय वरीयतामा नेपाली खेलाडीहरूले सुधार गरेका हुन् । एकदिवसीय ब्याटिङ वरीयतामा आसिफ शेख ७ स्थान सुधार गर्दै ८७औं, कुशल भुर्तेल १७ स्थान सुधार गर्दै १००औं स्थानमा आइपुगेका छन् । यस्तै एकदिवसीय बलिङ वरीयतामा सन्दीप लामिछाने ६ स्थान सुधार गर्दै ३७औं, ललित राजवंशीले १६ स्थान सुधार गर्दै ५४औं, दीपेन्द्रसिंह ऐरी ३ स्थान सुधार गर्दै ७९औं स्थानमा आइपुगेका छन् । यस्तै एकदिवसीय अलराउन्डर वरीयतामा दीपेन्द्र ३ स्थान सुधार गर्दै २५औं, सन्दीप ३ स्थान सुधार गर्दै ६८औं, ललित १२ स्थान सुधार गर्दै ७४औं, गुल्सन झा १५ स्थान सुधार गर्दै ८७औं स्थानमा आइपुगेका छन् ।

## सर्टिफिकेट हराएको सूचना

मिति २०८३/०१/०३ गते माथागढीको सराईदेखि तानसेन आउँने क्रममा माथागढी-३, सराई बस्ने सरिता चिदीको प्लस टु को ट्रान्सकिप, माईग्रेसन,प्रोभिजनल प्रमाण पत्र र सर्टिफिकेट हराएकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** सरिता चिदी
**ठेगाना :** माथागढी-३, सराई
**रजिष्ट्रेसन नम्बर :** ७३४७२५०२७
**सिम्बल नं.:** १४७०१३९८, ९०७००६४६
**सम्पर्क नं. :** ९८६७९५२०३९

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचक ३० अङ्कले वृद्धि



**पाल्पा,** जेठ ६/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार भने उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३० दशमलव शून्य आठ अङ्कले उकालो लागेर दुई हजार ७५४ दशमलव ४८ मा पुगेको छ । यो एक दशमलव १० प्रतिशतको वृद्धि हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ६८ अङ्कले उकालो लागेर ४७१ दशमलव शून्य छ मा पुगेको छ । कूल ३४६ कम्पनीको एक करोड छ लाख ६१ हजार ४७६ कित्ता शेयर रु तीन अर्ब ८२ करोड आठ लाख ९६ हजार ९६६ मूल्यमा खरिद बिक्री भयो । कारोबारका आधारमा कर्पोरेट डेभलपमेन्ट बैंक शीर्ष स्थानमा रहेको छ । यस्तै, आँखु खोला हाइड्रोपावर, अपि पावर कम्पनी, रिडी पावर कम्पनी र नेशनल हाइड्रोपावर शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । यस्तै, अप्पर लोहोरे खोला हाइड्रोपावर, माउण्टेन हाइड्रोपावर, बुङ्गल हाइड्रोपावर, शिखर पावर डेभलपमेन्ट र सिटी होटलका लगानीकर्ताले बुधबार सर्वाधिक कमाएका छन् । त्यस्तै, कर्पोरेट डेभलपमेन्ट बैंक, एसबिएल डिवेञ्चर, प्राइम डिवेञ्चर, बोटलर्स नेपाल बालाजु र नेपाल एसबिआई बैंक डिवेञ्चरका लगानीकर्ताले भने सर्वाधिक गुमाएका छन् । कारोबार भएकामध्ये कूल २४८ कम्पनीको शेयर मूल्य बढ्दा, २१ कम्पनीको भने घटेका छन् ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## श्रम संस्कृतिको प्रदर्शन...

...मन्त्री गौतमले 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३' र 'मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३' प्रस्तुत गरेकी हुन । ती विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव बहुमतले स्वीकृत भएको थियो ।

**सत्य निरूपण र बेपत्ता आयोगका छिटो पदाधिकारी नियुक्त गर्न माग**

बैठकमा प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बेले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा छिटो पदाधिकारी नियुक्त गर्न माग गरेका छन । नेता आङ्देम्बेले सार्वजनिक निकायमा पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष अध्यादेशबाट ती आयोगजस्ता संवेदनशील निकायमा पनि पदाधिकारी हटाउँदा शान्ति प्रक्रियाका बाँकी कामलाई किनारा लगाउन ढिला हुने बताए । "ती आयोगलाई छिटो सक्षम र निष्पक्ष व्यक्ति ल्याएर सक्रिय पार्न जरूरी छ । द्वन्दका पीडितको दीर्घकालीन संघर्ष निकै लम्बियो । यसमा गहिरो अन्तरराष्ट्रिय चासो पनि छ", नेता आङ्देम्बेले भने, "विस्तृत शान्ति सम्झौताको दुई दशक बितिसक्दा पनि द्वन्द्वपीडितहरू न्याय पाउनबाट वञ्चित छन् । यस विषयमा संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदक बर्नार्ड दुहाइमले आगामी जुनमा नेपालको भ्रमण गर्दैछन् भन्ने सुनिन्छ । विस्तृत शान्ति सम्झौता, सर्वोच्च अदालतका फैसला र अन्तरराष्ट्रिय मापदण्ड अनुकूल बनाउन विद्यमान कानुनमा तेस्रो संशोधन गरिए ता पनि अझै धेरै कानुनी कमजोरी बाँकी छन्न् । नयाँ नियुक्ति गर्नुअघि ती कमजोरी सुधार्न सरकारको ध्यान जाओस् ।" यस्तै बैठकमा सांसदहरूले सडक दुर्घटना तथा विपद् जोखिम न्यूनीकरण, दूरसञ्चार पूर्वाधारमा सुधार र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधिमा निगरानी गर्ने अन्तरराष्ट्रिय संस्थाको 'ग्रे लिस्ट' सम्बन्धी पछिल्लो सुझावका सम्बन्धमा तत्काल विशेष योजना बनाएर कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएका छन । अर्को बैठक यही जेठ ७ गते आज बिहान ११:०० बजे बस्नेछ ।

## झाडी फाडेर व्यावसायिक...

...अहिलेसम्म झन्डै १० हजार बिरुवा लगाइसकेका गुरुङले यस वर्ष २० हजार बिरुवा खुर्सानी लगाउनका लागि जमिनको तयारी गरेका छन् । उनले आफ्नै २० रोपनीका अलावा थप १० रोपनी जमिन भाडामा लिएका छन् । "गाउँबाट बसाइँ सरेर बजार जाने प्रवृत्तिकै कारण गाउँका घरहरू रित्तिँदै गए जग्गा जमिन बाँझिन थाले", उनले भने, "बाँझिएको जमिनको सदुपयोग गर्दै आम्दानीसित जोडिँदै गाउँमै बसेर पनि केही गर्न सकिन्छ है भन्ने उदाहरण खुर्सानीले दिनेमा म विश्वस्त छु ।" गाउँघरमा प्रतिमाना रु १०० र प्रतिकेजी रु ३५० का दरले बिक्री गर्न सकिने व्यावसायी कुमार गुरुङले बताए । खुर्सानीको माग अत्यधिक रहेकाले खुर्सानी बिक्रीबाट यस वर्ष करिब १० लाख आम्दानी गर्ने लक्ष्य उनको छ । खुर्सानी लगाउनका लागि जग्गा जमिन सम्याउने, बिरुवा लगाउने कार्यका लागि हाल आठ जनाले रोजगारी पाएका छन् । अन्य बाली लगाउँदा बाँदरलगायत जङ्गली जनावरले नष्ट गरिदिने भएकाले खुर्सानीलाई विकल्पका रूपमा अगाडि सारिएको हो । पछिल्लो समय भिरकोट नगरपालिकाले व्यावसायिक अकबरेखेती कार्यक्रमलाई कार्यान्वयनमा लगेको छ । भिरकोटको वडा नं ९ मा झन्डै ९० रोपनी क्षेत्रफलमा व्यावसायिक खुर्सानीखेती थालिएको छ । विभिन्न समूह, सहकारी तथा व्यक्तिमार्फत वडामा झन्डै एक सय जना किसान खुर्सानीखेतीमा सहभागी भएका भिरकोट-९ का वडाध्यक्ष भीमबहादुर गुरुङले बताए । *-रासस*

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई